फोन नं. (Tel. No.) ०१-४४५१२४२ (01-4451242)
०१-४४५०३५६ (01-4450356)
०१-४४५२००० (01-4452000)

# कागेश्वरी-मनोहरा नगरपालिका
# KAGESHWORI-MANOHARA MUNICIPALITY

## नगर कार्यपालिकाको कार्यालय (Office of Municipal Executive)
## डाँछी, काठमाडौं, नेपाल (Danchhi, Kathmandu, Nepal)
## बागमती प्रदेश (Bagmati Province)

प.सं. : २०७७।०७८
च.नं. : ४६७७

मिति: २०७८।०२।०७

**विषय : आधारभूत तह कक्षा ८ का विद्यार्थीहरूको मूल्याङ्कन (परीक्षा) सम्बन्धमा।**

श्री सबै सामुदायिक तथा संस्थागत विद्यालयहरू,
कागेश्वरी मनोहरा नगरपालिका,
काठमाण्डौं।

प्रस्तुत विषयमा, यस नगरपालिका क्षेत्रमा समेत कोभिड १९ को सङ्क्रमण दिन प्रतिदिन बढ्दो क्रममा रहेकोले नगरपालिकाको पूर्व सूचना अनुसार आधारभूत तह कक्षा ८ को अन्तिम परीक्षा अर्को सूचना नभएसम्मका लागि स्थगित गरिएकोमा कोभिड १९ को सङ्क्रमण उच्च नै रहेको कारण २०७८ जेठ महिना भित्र प्रत्यक्ष रूपमा विद्यार्थी सहभागी गराई परीक्षा सञ्चालन एवम् नतिजा प्रकाशन गर्दा एकातिर शिक्षक, विद्यार्थी एवम् कर्मचारीहरूको स्वास्थ्य जोखिममा पर्न सक्ने र अर्को तर्फ नेपाल सरकारले तोके अनुरूप असार ०१ गते देखि नयाँ शैक्षिक सत्र २०७८ सञ्चालन गर्न नसकिने भएकोले आधारभूत तह परीक्षा समितिको बैठक समेतबाट हालको विषम परिस्थितिमा देहाय बमोजिम शैक्षिक सत्र २०७७ मा कक्षा ८ मा अध्ययन गर्ने विद्यार्थीहरूको मूल्याङ्कन गरी तहाँ विद्यालयले प्रयोगात्मक अङ्क अपलोड गरेको वेवसाईट https://iemis.doe.gov.np/ मा सैद्धान्तिक अङ्कसमेत प्रविष्ठी गरी सोको ईकपि मिति २०७८।०२।२५ गते भित्र शाखाको ईमेल ठेगाना kageshworieducation@gmail.com मा उपलब्ध गराउन सम्पूर्ण विद्यालयहरूलाई आधारभूत तह परीक्षा समितिको मिति २०७८।०२।०७ गतेको निर्णय अनुसार अनुरोध छ ।

१. विद्यालयका प्र.अ.वा कक्षा शिक्षकको संयोजकत्वमा सम्वन्धित कक्षामा अध्यापन गर्ने विषय शिक्षक समेतको ३ जना शिक्षकहरूको समितिले देहाय बमोजिम विद्यार्थी मूल्याङ्कनको नतिजा तयार गरी नगरपालिकामा पेस गर्ने:
   (क) विद्यार्थीले प्रथम त्रैमासिक परीक्षामा प्राप्त गरेको अङ्कलाई ३० प्रतिशत
   (ख) विद्यार्थीले द्वितीय त्रैमासिक परीक्षामा प्राप्त गरेको अङ्कलाई ४० प्रतिशत
   (ग) विद्यार्थीको कक्षा कार्य, गृहकार्य, परियोजना कार्यका लागि २० प्रतिशत
   (घ) विद्यार्थीको नियमितता (अनलाईन कक्षाको सहभागिता समेत) का लागि १० प्रतिशत
   (ङ) कुनै विद्यालयलाई विद्यार्थी मूल्याङ्कनको लागि विद्यार्थीको नाम नामेसी सहितको समष्टिगत फारामको इकपि आवश्यक परी शाखाको ईमेलमा जानकारी गराएमा उपलब्ध गराईने छ।
२. विद्यालयले https://iemis.doe.gov.np/ वेवसाईटमा अपलोड गरेको विवरण र नगरपालिकामा पेस गरेका विद्यार्थीको परीक्षा आवेदन फारामका आधारमा विद्यार्थीको सिम्बोल नम्बर सहितको प्रवेश पत्र तयार गरी नगरपालिकाको कर्मचारी प्रशासन शाखा मार्फत वितरणको व्यवस्था मिलाईएकोले स्वास्थ्य सुरक्षा मापदण्डको पालना गरी विद्यालयले बुझिलिने व्यवस्था मिलाउनु होला।

(गोबिन्द प्रसाद शर्मा)
उपसचिव (दशौं तह)

**पुनश्च:नगरपालिकाको च.नं. ४२७१, मिति २०७८।०१।०८ गतेकोपत्रबाट विद्यालय तहले सञ्चालन गर्ने कक्षा १-७ र ९ का बार्षिक परीक्षाहरू जेठ १५ गते भित्र सम्पन्न गर्ने व्यवस्था मिलाउन अनुरोध गरिएकोमा हालसम्म सम्पन्न नगरेका विद्यालयले प्रत्यक्ष वाहेकको उपयुक्त वैकल्पिक विधिको प्रयोग गरी जेठ २५ गते सम्ममा मूल्याङ्कन गर्ने।**

*"कोरोना भाइरसबाट आफू बचौं र अरूलाई पनि बचाऔं।"*



Scanned with CamScanner